**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा दोस्रो नागरिक अलंकरण समारोहमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ।

- प्रधानमंत्री नरेंद्र मोदीले आज गांधीनगरमा गुजरात शहरी विकासको 20 औ वर्षगांठको अवसरमा आयोजित एक विशेष कार्यक्रममा भाग लिनु हुनेछ|

- रक्षा मंत्री राजनाथ सिंहले सरकार रक्षा औद्योगिक आधार सुदृढ़ बनाउन अनि रक्षा क्षेत्रको सार्वजनिक उपक्रमहरुको - डी.पी.एस.यू को प्रतिस्पर्धात्मकता बढ़ाउन प्रतिबद्ध रहेको बताउनु भएको छ।

- संचार मंत्री ज्योतिरादित्य सिंधियाले 9 औ इंडिया मोबाइल कांग्रेसको थीम **इनोवेट टू ट्रांसफॉर्म** राखिने घोषणा गर्नुभयो।

- आईपीएल टि-२० क्रिकेटमा, पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई हराउँदै शीर्ष दुईमा पुगेर पहिलो क्वालीफायरमा स्थान बनाएको छ।

**<u>राष्ट्रपति पद्म पुरस्कार</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ राष्ट्रपति भवनमा दोस्रो नागरिक अलंकरण समारोहमा पद्म पुरस्कार प्रदान गर्नु हुनेछ। देशको सर्वोच्च नागरिक पुरस्कार मध्ये एक, पद्म पुरस्कार तीन श्रेणीमा प्रदान गरिन्छ - पद्म विभूषण, पद्म भूषण र पद्म श्री। यी पुरस्कारहरू कला, सामाजिक कार्य, सार्वजनिक मामिला, विज्ञान र इन्जिनियरिङ, व्यापार र उद्योग, चिकित्सा, साहित्य र शिक्षा, खेलकुद र प्रशासनिक सेवा लगायत विभिन्न विषय र क्षेत्रहरूमा प्रदान गरिन्छ।

**<u>राष्ट्रपति-रात्रिभोज</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले भारतको नयाँ मुख्य न्यायाधीश न्यायमूर्ति भूषण रामकृष्ण गवईको स्वागतमा हिज राष्ट्रपति भवनक सांस्कृतिक केंद्रमा रात्रिभोजको आयोजन गर्नु भयो । यस अवसरमा उपराष्ट्रपति जगदीप धनखड़, लोकसभा अध्यक्ष ओम बिरला, रक्षा मंत्री राजनाथ सिंह, विदेश मंत्री डॉ. एस. जयशंकर, विधि एवं न्याय मंत्री अर्जुन राम मेघवाल साथै अन्य गणमान्य व्यक्तिहरुको उपस्थिति रहेको थियो।

**<u>प्रधानमंत्री-गुजरात दौरा</u>**

प्रधानमंत्री नरेंद्र मोदीले आज गांधीनगरमा गुजरात शहरी विकासको 20 औ वर्षगांठको अवसरमा आयोजित एक विशेष कार्यक्रममा भाग लिनु हुनेछ| यो कार्यक्रम शहरी विकास वर्ष-2005 देखि शुभारंभ भएको दुइ दशक पुरा भएको प्रतीक हो। गुजरातका तत्कालीन मुख्यमंत्रीको रूपमा श्री नरेंद्र मोदी द्वारा शुरू गरिएको यस पहलको उद्देश्य योजनाबद्ध बुनियादी ढांचा, असल शासन र शहरीबासीको जीवन स्तर उन्नत गरी गुजरातको शहरी परिदृश्यमा परिवर्तन ल्याउने थियो।

यस अवसरमा प्रधानमंत्री गुजरातमा शहरी प्रगतिका लागि नयाँ रोडमैप शहरी विकास वर्ष-2025 को शुभारंभ गर्नुहुनेछ। श्री मोदीले वायु गुणवत्तामा सुधार अनि सतत शहरी जीवनलाई बढ़ावा दिनका लागि गुजरातको शहरी विकास योजना र राज्य स्वच्छ वायु कार्यक्रमको पनि शुरूआत गर्नुहुनेछ। प्रधानमंत्रीले शहरी विकास, स्वास्थ्य अनि जल आपूर्तिको धेरै परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गर्नुहुनेछ तथा प्रधानमंत्री आवास योजना अन्तर्गत 22 हजार भन्दा अधिक आवास इकाइ लाभार्थिहरुलाई समर्पित

गर्नु हुनेछ। श्री मोदीले स्वर्णिम जयंती मुख्यमंत्री शहरी विकास योजना अन्तर्गत गुजरातमा शहरी स्थानीय निकायका लागि तीन हजार तीन सय करोड़ रुपियाँको धनराशि जारी गर्नुहुनेछ।

प्रधानमंत्री हिजदेखि गुजरातको दुइ दिवसीय यात्रामा हुनुहुन्छ। श्री मोदीले हिज भुजमा 53,400 करोड़ रुपियाँभन्दा अधिकको विकास परियोजनाहरुको उद्घाटन एव शिलान्यास गर्नुभयो। यसअघि प्रधानमंत्रीले दाहोदमा 24,000 करोड़ रुपियाँभन्दा अधिक लागतको विभिन्न विकास परियोजनाहरुको उद्घाटन र शिलान्यास गर्नुभएको थियो।

**प्रधानमन्त्री-हनी छत्तीसगढ**

प्रधानमन्त्री नरेन्द्र मोदीले विगत एक दशकमा भारतको मह उद्योगको रूपान्तरणकारी यात्रालाई प्रकाश पर्नुभएको छ। आइतबार आकाशबाणीमा प्रसारित आफ्नो रेडियो कार्यक्रम मन की बातमा, श्री मोदीले देशमा मह उत्पादनमा उल्लेखनीय ६० प्रतिशत वृद्धि भएको उल्लेख गर्नुभयो। उहाँले विश्व मौरी दिवस र मह मिसनको बारेमा प्रकाश पर्नुहुँदै, छत्तीसगढको कोरिया जिल्लालाई मौरीपालनमा सफलताको कथाको बिशेस उद्धृत गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, विगत ११ वर्षमा देशले मौरीपालनको क्षेत्रमा क्रान्ति देखेको छ, जसले मह उत्पादन र ग्रामीण जीविकोपार्जनमा उल्लेखनीय वृद्धि गरेको छ।

**बहुदलीय शिष्टमण्डल**

आतंकवाद विरुद्ध भारतको शून्य सहनशीलताको नीतिलाई दृढतापूर्वक दोहोर्याउन बहुदलीय शिष्टमण्डलले विभिन्न देशहरूको भ्रमण गरिरहेको छ। यस्तोमा शिव सेना सांसद श्रीकान्त शिन्देको नेतृत्वमा रहेको सर्वदलीय शिष्टमण्डलले हिज कंगोका विदेश राज्यमन्त्री थेरेसे कैक्वाम्बा वाग्नेरलाई भेटेको छ। श्री शिन्देले आतंकवाद विरुद्ध देशको दृढ अडान दोहोर्यउनु भयो। उहाँले आतंकवाद विरुद्धको लडाईमा कंगोको समर्थन र ऐक्यबद्धताको लागि आभार प्रकट गर्नुभयो। उहाँले आतंकवादलाई समर्थन गर्ने देशसँग व्यापार र वार्ता सँगै हुन नसक्ने बताउनु भयो।

Byte

**राजनाथ-समीक्षा**

रक्षा मंत्री राजनाथ सिंहले सरकार रक्षा औद्योगिक आधार सुदृढ़ बनाउन अनि रक्षा क्षेत्रको सार्वजनिक उपक्रमहरुको - डी.पी.एस.यू को प्रतिस्पर्धात्मकता बढ़ाउन प्रतिबद्ध रहेको बताउनु भएको छ। रक्षा मंत्रीले हिज नया दिल्लीमा आठ डी.पी.एस.यू को प्रदर्शनिको समीक्षा गर्नु भयो। बैठकमा श्री सिंहले ऑपरेशन सिंदूर अवधि भारतीय सशस्त्र बलहरुको युद्ध तैयारियलाई प्रदर्शित गर्ने प्लेटफार्म अनि प्रौद्योगिकिलाई विकसित गर्नमा रक्षा सार्वजनिक उपक्रमहरु सहित सम्पूर्ण रक्षा उद्योगको भूमिकाको सराहना गर्नु भयो। श्री सिंहले डी.पी.एस.यू सित आधुनिक युद्धको उदीयमान क्षेत्रहरूमा अनुसंधान अनि विकासमा अधिक ध्यान दिनको साथै नवीन प्रौद्योगिकिहरुमा आधारित उत्पादन गर्नपर्ने कुरामा जोर दिनु भयो।श्री सिंहलले रक्षा उपक्रमहरूलाई सशस्त्र बलहरूलाई समयमा नै रक्षा उपकरणहरू हस्तान्तरण गर्न आग्रह गर्नु भयो। उहाले हिंदुस्तान एरोनॉटिक्स लिमिटेडलाई महारत्न अनि मझगांव डॉक शिप-बिल्डर्स लिमिटेडलाई नवरत्नको दर्जा प्राप्त भएकोमा बधाई दिनु भयो।

**विशेष - परमवीर चक्र**

अपरेशन सिन्दूरको सफलताको उत्सव मनाउँदै, सम्पूर्ण राष्ट्रले भारतीय सैनिकहरूको बहादुरीलाई सलाम गरिरहेको छ। आकाशबाणीको समाचार विभागले सशस्त्र बलहरूलाई श्रद्धाञ्जली स्वरूप एक विशेष श्रृंखला प्रस्तुत गरिरहेको छ। यसै सन्दर्भमा, आज हामी मेजर शैतान सिंहको सम्झना गरिरहेका छौं, जसले १९६२ को भारत-चीन युद्धमा सर्वोच्च बलिदान दिनु भएको थियो| जसका लागि सरकारले उहाँलाई परमवीर चक्रले सम्मान गरेको थियो।

**इंडिया मोबाइल कांग्रेस-2025 थीम- सिंधिया**

संचार मंत्री ज्योतिरादित्य सिंधियाले 9 औ इंडिया मोबाइल कांग्रेसको थीम **इनोवेट टू ट्रांसफॉर्म** राखिने घोषणा गर्नुभयो। सम्मेलनको थीम भविष्यलाई आकार दिन तथा उद्योग अनि बुनियादी ढांचादेखि समाज र संवहनीयता सम्म सबै क्षेत्रमा वास्तविक, परिवर्तनकारी बदलाव सक्षम बनाउनमा नवाचारको महत्वपूर्ण भूमिकालाई रेखांकित गर्दछ। श्री सिंधियाले आफ्नो संबोधनमा

भन्नुभयो, भारतले आज दूरसंचार क्षेत्रमा क्रांतिको नेतृत्व गरिरहेको छ। उहाँले देशले कहिले पनि भविष्यको प्रतिक्षा नगरेको बरु सधै भविष्यलाई आकार दिनमा जुटेको बताउनुभयो| उहाँले भन्नुभयो, सरकारले बिस्वको सबैभन्दा बलियो दूरसंचार नेटवर्क प्रणाली तैयार गरेको छ जो अत्याधुनिक र उपभोक्ता उपयोगी सेवा हो। इंडिया मोबाइल कांग्रेसको थीममाथि चर्चा गर्दै उहाँले भन्नुभयो उन्नत बदलावतिर बढिरहनु नै भारतको संकल्प हो। श्री सिंधियाले भन्नुभयो भारत आज ती शीर्ष छ देशमा सामेल छन् जो 6जी पेटेंटका लागि आवेदन गरिरहेको छ। यस अवसरमा श्री सिंधियाले संचार मित्र योजनाको आरंभ गर्नुभयो जसको उद्देश्य डिजिटल दूतको रूपमा व्यापक युवा नेटवर्कलाई सशक्त बनाउनु हो। यसले दूरसंचार पारिस्थितिकी तंत्र अनि नागरिकहरु बीच संबंध मजबूत हुनेछ। इंडिया मोबाइल कांग्रेस 8 देखि 11 अक्टूबर 2025 सम्म नयाँ दिल्लीमा आयोजित हुनेछ।

**आईपीएल क्रिकेट**

आईपीएल टि-२० क्रिकेटमा, पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई हराउँदै शीर्ष दुईमा पुगेर पहिलो क्वालीफायरमा स्थान बनाएको छ। जितका लागि १८५ रनको लक्ष्य पञ्जाब किंग्सले नौ बल बाँकी रहँदा पूरा गर्‍यो। पञ्जाब किंग्सका लागि जोश इन्गिलसले ७३ र प्रियांश आर्यले ६२ रन बनाए। जोश इन्गिलस खेलको प्लेयर अफ द म्याच घोषित भए।

आज आइपीएलमा, लखनऊ सुपर जायन्ट्सले लखनऊको एकाना क्रिकेट स्टेडियममा रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्नेछ। खेल साँझ ७:३० बजे सुरु हुनेछ।